# विदुर नगरपालिका कार्यालय

विदुर, नुवाकोट

च.नं. :

मिति : २०७२।०५।०३

यस नगरपालिकावाट मिति २०७२।४।२४ मा सम्पन्न बार्षिक समीक्षा वैठकको प्रतिवेदनको देहाय वमोजिमको विवरण सबैको जानकारीको लागि सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल

विदुर नगरपालिकाको आयोजनामा मिति २०७२।४।२४ मा आयोजित बार्षिक समीक्षा वैठकमा राजनीतिक दलका प्रतिनिधी, नागरिक समाज, उपभोक्ता हित संरक्षण मन्चका पदाधिकारी, संचार कर्मी, विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधी, गैरसरकारी संस्थाका प्रमुख एवं प्रतिनिधी, कर्मचारीहरुको उपस्थितीमा विदुर नगरपालिका, जिल्ला स्थित विषयगत कार्यालय, गैरसरकारी संघ संस्थाहरुले आ.व. २०७२/०७३ मा नगरपालिका क्षेत्र भित्र सम्पादन गरेका योजना तथा कार्यक्रमहरुको प्रगति प्रतिवेदन प्रस्तुत भई तपसिलका विषयगत कार्यालय, गैरसरकारी संघसंस्थाहरुलाई निम्नानुसारको सुझावहरु प्राप्त भयो ।

- विदुर नगरपालिका कार्यालय : विदुर नगरपालिका भित्र सरसफाई, सडकबत्ती, नगरवासीका सिफारिस सम्बन्धी, खूला दिशा मुक्त षेत्र घोषणा गर्ने कार्यक्रम, वालमैत्री सम्बन्धी, वातावरणमैत्री सम्बन्धी, लक्षित वर्ग सम्बन्धी कार्यक्रम, नगरपालिका आन्तरिक आय वृद्धि गर्ने सम्बन्धी काममा सकृय र सरलताका साथ सञ्चालन गर्नु पर्ने
- शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय : शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयवाट यस नगरपालिका भित्र विशेष गरी सरकारी भवन निर्माण र मर्मत र अन्य कार्यहरु देखिएको, नगरपालिका भित्रका अन्य कार्यहरु नदेखिएकोले नगरपालिकाका अन्य निर्माण तथा मर्मत सम्बन्धी कार्य्यक्रम पनि समावेश गरी सञ्चालन गर्नु पर्ने ।
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय : हालैको महाभुकम्प २०७२ ले नगर भित्रका थुप्रै साना ठूला खानेपानी योजनाहरुको क्षेति भएको र ति खानेपानीमा खासै कार्य भएको नदेखिएकोले दीर्घकालिन रुपमा नै मर्मत संभार गर्नु पर्ने भएकोले आगामी आ.व. को कार्यक्रममा समोवे्श गर्नु पर्ने ।
- जिल्ला भूसंरक्षण कार्यालय : नगरपालिका भित्रका ठूला साना पहिरो नियन्त्रण, खानेपानीका मुहान र टयांकी संरक्षण आदीका कार्यक्रमहरु समावेश गरी संचालन गर्नु पर्ने ।
- जिल्ला शिक्षा कार्यालय : जिल्ला शिक्षा कार्यालयले नगर भित्रका सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर बढाउने र नीजि विद्यालयको मापदण्ड सम्बन्धमा अनुगमन तिव्र वनाउनु पर्ने ।
- जिल्ला पशु सेवा कार्यालय : यस नगरापादिलकामा ठूलो मात्रामा कुखुरा पादन भएको हुनाले यसमा अझ वढी अनुगमन र कुखुरा पालन व्यवशायलाई बढी व्यवसिथ्त वनाउनु पर्ने ।
- सिंचाई डिभिजन कार्यालय : नगरपालिका भित्र सिंचाईको कार्यक्रम सञ्चालन हुनु पर्ने ।
- ने.वि.प्रा., र.नु. महाशाखा, त्रिशुली : हालैको महाभुकम्प, २०७२ ले क्षेति पुर्‍याएको विद्युत लाईन छिटै मर्मत गर्नु पर्ने र विद्यूत लाईन नियमित प्रशारण नभएकोले आवश्यक स्थानमा ट्रान्सफरमर राखि क्षमता अभिवृद्धि गर्नु पर्ने ।
- विकास तथा वातावरण संरक्षण केन्द्र, नेपाल : यस केन्द्रले यस नगरपालिका भित्र सञ्चालन गर्न लागेको खुला दिशामुक्त क्षेत्र घोषणा अभियान सम्वन्धी कार्यक्रमलाई प्रभावकारी वनाउन थप छलफल गर्नु पर्ने ।
- विदुर खानेपानी तथा सरसफाई उपभोक्ता समिति : विदुत खानेपानी उपभोक्ता समितिले हालै सञ्चालनमा ल्याउन लागेको साना शहरी खानेपानी आयोजना सञ्चालनमा बढी चनाखो भई विदुर नगरपालिका क्षेत्रको खानेपानी वितरणलाई सहजता ल्याउनु पर्ने ।
- एकीकृत तादी विकास समाज नेपाल : नगरपालिका भित्रका कार्यक्रमलाई प्राथमिकता दिनु पर्ने ।
- नेपाल सर्वाङ्गिण विकास समाज नेपाल : नगरपालिका भित्रका कार्यक्रमलाई प्राथमिकता दिनु पर्ने ।

निश्कर्ष तथा निचोड : वार्षिक प्रगति समीक्षामा उपस्थित सहभागिहरुवाट आ.व. २०७१/०७२ मा नगरपालिका भित्र सञ्चालन भएका कार्यक्रमको प्रगति समीक्षामा विदुर नगरपालिका, विषयगत सरकारी कार्यालय, गैन्हसरकारी संघ/संस्थाहरुले प्रस्तुत गरेका प्रगति प्रतिवेदनमा प्राप्त भएका सुझावलाई कार्यान्वयन गर्ने र उपस्थित नभएका विषयगत सरकारी कार्यालय, गैन्हसरकारी संघ/संस्थाहरुलाई आगामी समीक्षामा अनिवार्य उपस्थित हुने व्यवस्था गर्ने ।

कार्यकारी अधिकृत